# सामुदायिक विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधि, २०८२

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

परशुराम खतिवडा

अध्यक्ष

Scanned with CamScanner

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**प्रस्तावना :** जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण, सडक यातायातको संजालमा भएको वृद्धि, ठूला र आवासीय विद्यालयप्रतिको आकर्षण बढ्दै गएकाले सार्वजनिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाइ वातावरणको सुनिश्चितता गर्दै त्यस्ता विद्यालयको सवलीकरण र सुदृढीकरण गर्न दुई वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन एवम् एकीकरण गरी विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै आवश्यक शिक्षक व्यवस्थापन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ "ज" को खण्ड ११ र १२, शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६, बमोजिमको प्रावधान मुताविक यस सिद्धलेक गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" सिद्धलेक गाउँपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "शिक्षा समिति" भन्नाले सिद्धलेक गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले सिद्धलेक गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धलेक गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "शाखा" भन्नाले सिद्धलेक गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

(छ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा सो कार्य गर्न तोकिएको व्यक्ति सम्झनुपर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले सिद्धलेक गाउँपालिका र छिमेकी स्थानीय तह अन्तर्गत रहेका नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालय सम्झनु पर्छ ।

(झ) "सामुदायिक विद्यालय समायोजन" भन्नाले सिद्धलेक गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयको समायोजन सम्झनुपर्छ ।

(ञ) "दरवन्दी" भन्नाले नेपाल सरकारवाट स्वीकृत स्थायी, राहत र संख्या गणनाको लागि अनुदान कोटामा कार्यरत कोटा सम्झनुपर्दछ।

परशुराम खतिवडा
अध्यक्ष

परिच्छेद- २

## विद्यालय समायोजनको प्रक्रिया

**३. समायोजन प्रक्रियाः** विद्यालय समायोजनको लागि देहायको प्रक्रिया अपनाइनेछ ।

(१) गाउँ शिक्षा समितिबाट कार्यदल गठन

(२) कार्यदलले यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूबीच भौगोलिक अवस्था अध्ययन र आवश्यकता अनुसार दुरी यकिन गर्ने

(३) विद्यार्थी संख्या यकिन गर्ने

(४) कार्यदलले शिक्षा समितिमा सिफारीस गर्ने र शिक्षा समितिले निर्णय गर्ने

**४. विद्यालय समायोजनको आधारहरू:**

(१) प्रारम्भिक बाल विकास केन्द्रको हकमा

(क) एक केन्द्रबाट अर्को केन्द्र सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम भएमा

(ख) सामुदायिक सिकाई केन्द्रमा ५ वा सो भन्दा कम विद्यार्थी संख्या भएमा

(ग) यस उपदफाको खण्ड क वा क र ख को अवस्था देखिएमा बढी विद्यार्थी संख्या भएको केन्द्रमा कम विद्यार्थी संख्या भएको केन्द्र, वा शिक्षा समितिको निर्णयानुसारको केन्द्रमा गाभिने छ।

(२) कक्षा १ देखि ३ संचालित विद्यालयको हकमा

(क) एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम भएमा

(ख) कक्षा १ देखि ३ सम्म प्रति कक्षा औषत ५ जना भन्दा कम विद्यार्थी संख्या भएमा

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा १ देखि ३ समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा शिक्षा समितिको निर्णयानुसारको विद्यालयमा गाभिनेछ

(घ) यस गाउँ पालिकाको १-३ संचालित कुनै विद्यालयबाट कच्ची वा पक्की सडकबाट मापन गर्दा २ किलोमिटर भन्दा कम दुरीमा छिमेकि स्थानीय तह अन्तर्गत कक्षा १-३ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा वाल विकास केन्द्र मात्र कायम रहनेछ।

(ङ) खण्ड घ वमोजिमको विद्यालयमा दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ।

परशुराम खतिवडा
अध्यक्ष

Scanned with CamScanner

(च) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा शिक्षा समितिको निर्णयानुसारको विद्यालयमा समायोजन गरिने छ ।

(३) कक्षा ४ देखि ५ संचालित विद्यालयको हकमा

(कं) कक्षा ४ — ५ संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३ किलोमिटर भन्दा कम भएमा

(ख) कक्षा ४ देखि ५ सम्म प्रति कक्षा औषत ५ जना भन्दा कम विद्यार्थी संख्या भएमा

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा ४ देखि ५ समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ

(घ) यस गाउँ पालिकाको ४-५ संचालित कुनै विद्यालयबाट कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३ किलोमिटर भन्दा कम दुरीमा छिमेकि स्थानीय तह अन्तर्गत कक्षा ४ -५ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १ -३ कायम रहनेछ।

(ङ) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ।

(च) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा शिक्षा समितिको निर्णयानुसारको विद्यालयमा समायोजन गरिने छ ।

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ४ -५ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालय पुनः संचालन गर्न सकिनेछ।

(ज) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २ बमोजिम कक्षा १-३ नरहने विद्यालयमा कक्षा ४ -५ रहने छैन।

(४) कक्षा ६ -८ संचालित संचालित विद्यालयको हकमा

(क) कक्षा ६-८ संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३.५ किलोमिटर भन्दा कम भएमा

(ख) कक्षा ६ देखि ८ सम्म प्रति कक्षा औषत १० जना भन्दा कम विद्यार्थी संख्या भएमा

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा ६ देखि ८ समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ

परशुराम खतिवडा
अध्यक्ष

Scanned with CamScanner

Scanned with CamScanner

(घ) यस गाउँ पालिकाको ६-८ संचालित कुनै विद्यालयबाट कच्ची वा पक्कि सडकबाट मापन गर्दा ३.५ किलोमिटर भन्दा कम दुरीमा छिमेकी स्थानीय तह अन्तर्गत कक्षा ६-८ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १-५ कायम रहनेछ।

(ङ) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ।

(च) खण्ड ख बमोजिमको आधार दुवै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा शिक्षा समितिको निर्णयानुसारको विद्यालयमा समायोजन गरिने छ ।

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ६-८ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालय पुनः संचालन गर्न सकिनेछ।

(झ) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २ र ३ बमोजिम कक्षा १-३ र ४-५ नरहने विद्यालयमा कक्षा ८ सम्म संचालन भएको भए कक्षा ६-८ रहने छैन अन्यथा कक्षा ६-१० वा ६-१२ रहने छ।

(५) कक्षा ९-१० संचालित संचालित विद्यालयको हकमा

(क) कक्षा ९-१० संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकबाट मापन गर्दा ४ किलोमिटर भन्दा कम भएमा

(ख) कक्षा ९ देखि १० सम्म प्रति कक्षा औषत १५ जना भन्दा कम विद्यार्थी संख्या भएमा

(ग) खण्ड क, ख वा क र ख दुवै भएको अवस्थामा कक्षा ९ देखि १० समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालय वा शिक्षा समितिको निर्णयानुसार गाभिनेछ

(घ) यस गाउँ पालिकाको ९-१० संचालित कुनै विद्यालयबाट कच्ची वा पक्कि सडकबाट मापन गर्दा ४ किलोमिटर भन्दा कम दुरीमा छिमेकी स्थानीय तह अन्तर्गत कक्षा ९-१० संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १-८ कायम रहनेछ।

(ङ) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ।

(च) खण्ड ख बमोजिमको आधार दुवै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा शिक्षा समितिको निर्णय बमोजिमको विद्यालयमा समायोजन गरिने छ ।

परशुराम खतिवडा
अध्यक्ष

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ६-८ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालयको ९-१० पुनः संचालन गर्न सकिनेछ।

(ज) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २,३ र ४ बमोजिम कक्षा १-३, ४-५ र ६-८ नरहने विद्यालयमा कक्षा ९-१० रहने छैन।

(६) कक्षा ११-१२ संचालित संचालित विद्यालयको हकमा

(क) कक्षा ११-१२ संचालित एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयसम्म सम्म दुरी कच्ची वा पक्कि सडकवाट मापन गर्दा ५ किलोमिटर भन्दा कम भएमा

(ख) कक्षा ११ देखि १२ सम्म प्रति कक्षा औषत २० जना र प्रति विषय ७ जना भन्दा कम विद्यार्थी संख्या भएमा

(ग) खण्ड क, ख वा क र ख दुबै भएको अवस्थामा कक्षा ९ देखि १० समायोजन गरी बढी विद्यार्थी संख्या भएको विद्यालयमा गाभिनेछ

(घ) यस गाउँ पालिकाको ११-१२ संचालित कुनै विद्यालयबाट कच्ची वा पक्कि सडकबाट मापन गर्दा ५ किलोमिटर भन्दा कम दुरीमा छिमेकी स्थानीय तह अन्तर्गत कक्षा ११-१२ संचालित सामुदायिक विद्यालय भएमा त्यस्तो विद्यालयमा कक्षा १-१० कायम रहनेछ।

(ङ) खण्ड घ बमोजिम समायोजित विद्यालयमा बढी दरवन्दी भएमा गाउँपालिकाको पुलमा रहनेछ।

(च) खण्ड ख बमोजिमको आधार दुबै विद्यालयको नभएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा वा शिक्षा समितिको निर्णयानुसारको विद्यालयमा समायोजन गरिने छ ।

(छ) खण्ड घ बमोजिमको नजिकको छिमेकी स्थानीय तह अन्तर्गतको ६-८ संचालित विद्यालय नरहेमा गाभिएको विद्यालयको ९-१० पुनः संचालन गर्न सकिनेछ।

(ट) अन्यत्र जे लेखिएको भएतापनि उपदफा २,३,४ र ५ बमोजिम कक्षा १-३, ४-५,६-८ र ९-१० नरहने विद्यालयमा कक्षा ९-१० रहने छैन।

(७) दुरी मापन गर्दा गाउँपालिकाको प्राविधिक जनशक्तिले कार्यदललाई सहयोग गर्नुपर्नेछ ।

## परिच्छेद- ३
## कार्यदल सम्वन्धि व्यवस्था

परशुराम खतिवडा
अध्यक्ष

सिदुलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

५. **कार्यदलको गठनः** (१) गाउँ शिक्षा समितिले गाउँ शिक्षा समितिको कुनै सदस्यको संयोजकत्वमा कम्तिमा १० सदसिय कार्यदल गठन गर्नेछ

(२) शिक्षा शाखा प्रमुखले कार्यदलको सदस्य-सचिव भै काम गर्नेछ।

(३) सो कार्यदलले आवश्यक विवरण जुटाई गठन भएको ३० दिन भित्र स्पष्ट सिफारिस सहित प्रतिवेदन शिक्षा समिति समक्ष पेश गर्नेछ।

(४) शिक्षा समितिले कार्यदलले पेस गरे बमोजिम वा संशोधन सहित समायोजनको निर्णय विद्यालयको नाम नामेसी सहित गर्नेछ।

## परिच्छेद-४
## दरवन्दी मिलान

६. **विद्यालयमा रहने दरवन्दी सङ्ख्याः** (१) न्यूनतम रुपमा विद्यालयमा देहायबमोजिम दरवन्दी रहने गरी व्यवस्थापन गरिनेछ ।

**क) बाल कक्षा सञ्चालित विद्यालयमाः**

(अ) न्यूनतम १ बाल विकास सहजकर्ता दरवन्दी (१५ भन्दा वढी विद्यार्थी भएमा समुह छुट्याई सिकाई सहजीकरण गर्न २ जना,५० भन्दा वढी भएमा ३ जना) तर माध्यमिक विद्यालयलाई सहजकर्ता मिलान गर्दा प्राथमिकता दिनुपर्नेछ।

**ख) कक्षा १-३ सञ्चालित विद्यालयमाः**

(अ) १३ जना सम्म विद्यार्थी सङ्ख्या भएमा — १ जना

(आ) १४-२६ जना विद्यार्थी सङ्ख्या भएमा — २ जना

(इ) २७ + ३९ विद्यार्थी सङ्ख्या भएमा — ३ जना

**ग) कक्षा १-५ सञ्चालित विद्यालयमा**

(अ) १३ जना सम्म विद्यार्थी सङ्ख्या भएमा — १ जना
(आ) १४-२६ जना विद्यार्थी सङ्ख्या भएमा — २ जना
(इ) २७-३९ विद्यार्थी सङ्ख्या भएमा — ३ जना
(ई) ४०-५२ विद्यार्थी सङ्ख्या भएमा — ४ जना
(उ) ५३ - ६५ विद्यार्थी सङ्ख्या भएमा — ५ जना
(ए) ६६-७८ विद्यार्थी सङ्ख्या भएमा — ६ जना
(ऐ) ७९ र सो भन्दा विद्यार्थी सङ्ख्या भएमा — ७ जना

**घ) कक्षा १-८ सञ्चालित विद्यालय**

(अ) कक्षा १ देखि ५ सम्मको हकमा यस उपदफाको खण्ड (ग) अनुसार हुने

परशुराम खतिवडा
**अध्यक्ष**

Scanned with CamScanner

(आ) कक्षा ६ देखि ८ सम्म ३० भन्दा कम विद्यार्थी सङ्ख्या भएमा ३ जना दरवन्दी रहने

(इ) कक्षा ६ देखि ८ सम्म ३० देखि १०० सम्म विद्यार्थी सङ्ख्या भएमा ४ जना

(ई) कक्षा ६ देखि ८ सम्म १००+ विद्यार्थी भएमा ५ जना

ङ) कक्षा १-१० सञ्चालित विद्यालय

(अ) कक्षा १-८ को हकमा यस उपदफाको खण्ड (घ) अनुसार हुने

(आ) कक्षा ९-१० मा २० भन्दा कम विद्यार्थी भएमा २ दरवन्दी रहने

(इ) कक्षा ९-१० मा २० देखि ६० विद्यार्थी भएमा ३ जना दरवन्दी रहने

(ई) कक्षा ९-१० मा ६० + विद्यार्थी भएमा ४ जना

च) कक्षा १-१२ सञ्चालित विद्यालय

(अ) कक्षा १-१० को हकमा यस उपदफाको खण्ड (ङ) अनुसार हुने

(आ) कक्षा ११-१२ मा ४० भन्दा कम विद्यार्थी भएमा ३ दरवन्दी रहने

(इ) कक्षा ११-१२ मा ४० देखि ८० विद्यार्थी भएमा ४ जना दरवन्दी रहने

(ई) कक्षा ११-१२ मा ८० + विद्यार्थी भएमा ५ जना

(२) माथि उल्लेखित बाहेक प्रति कक्षा सरदर २५ जना विद्यार्थी भएमा बाल विकास केन्द्र बाहेक विद्यालयमा प्रअको लागि १ जना थप दरबन्दी रहने छ।

(३) तल्लो तहमा बढी भएको दरवन्दी माथिल्लो तहमा गणना गरिनेछ।

(४) सबै तहमा मिलान गरी बढी भएको दरवन्दी पुलमा राखी मिलान गरिनेछ।

(५) शिक्षक र कर्मचारी मिलानको काम शिक्षा समितिको निर्णय अनुसार गरिनेछ। निर्णय गर्दा रिक्त, करार, राहत र स्थायी शिक्षकलाई छनौट गर्न दिई वरिष्ठताको आधार वा त्यसरी मिलान हुन नसकेमा शिक्षा समितिको निर्णयको आधारमा मिलान गरिनेछ। तर छनौट गर्न दिने नदिने निर्णय शिक्षा समितिले गर्नेछ।

(७) कुनै विद्यालयको कुनै कक्षामा ५० भन्दा बढी विद्यार्थी सङ्ख्या भई सेक्सन छुट्याउनु पर्ने भएमा प्रति थप सेक्सन १ जनाको दरले शिक्षक उपलब्ध गराइनेछ। तर जति विद्यार्थी संख्या भए तापनी सेक्सन नछुटयाएमा सो दरवन्दी थप गरिने छैन।

(८) यस अनुसार मिलानको निर्णय प्रत्येक वर्ष चैत्र महिनामा विवरण सङ्कलन गरी आगामी वैशाखको पहिलो हप्ता शिक्षक नयाँ विद्यालयमा हाजिर हुने गरी वा शिक्षा समितिले निर्णय गरी जुन सुकै समयमा गर्न सक्नेछ।

परशुराम खतिवडा
अध्यक्ष

Scanned with CamScanner

(९) संघीय र प्रदेश सरकारबाट प्राप्त दरवन्दी र अनुदानको आधारमा दरवन्दी मिलान गर्दा विद्यालयमा शिक्षक संख्या नपुग भएमा गाउँपालिकाले आफ्नो अनुदानमा शिक्षक व्यवस्थापन गर्न गर्नेछ। तर विद्यालयले गाउँपालिकाको अनुदानबाट खर्च हुने गरी शिक्षक नियुक्ति गर्न सक्ने छैनन्।

(११) समायोजित विद्यालयको कार्यालय सहयोगीले चाहेमा समायोजन गर्ने विद्यालयमा सेवा निरन्तरता दिन सक्नेछ । तर कुनै विद्यालयमा कार्यालय सहयोगीको पद रिक्त भएमा यसबाट मिलान गर्नुपर्दछ। रिक्त पदमा नियुक्ती गरी दुई जना कार्यालय सहयोगी राख्न सकिने छैन। यदी त्यसो भएमा विद्यालयले आफ्नै स्रोतबाट तलब ब्यहोर्नुपर्छ।

(१२) स्वीकृत दरवन्दी, राहत र अनुदान कोटालाई गणना गरी दरवन्दी मिलान गरिने छ। प्राविधिक धारको प्रशिक्षकलाई गणना गरिने छैन।

७. **यस कार्यविधिमा उल्लेख नभएको कुरा शिक्षा समितिको निर्णयानुसार हुनेछ।**

८. **विद्यार्थी संख्याः** विद्यार्थी संख्या शिक्षा शाखाले वा कार्यदलले गणना गरी उपलब्ध गराउनेछ। अनुगमनको क्रममा उपस्थित विद्यार्थीलाई मात्र विद्यालय समायोजन र दरवन्दी मिलानमा आधार मानिनेछ। हाजिरी कपि, IEMIS, वा विद्यालयले दावि गरेको विद्यार्थी संख्यालाई आधार मानिने छैन।

९. **बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा त्यस्तो अवरोध फुकाउने प्रयोजनको लागि कार्यपालिकाले यस कार्यविधिको संसोधन गरी बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**परशुराम खतिवडा**
**अध्यक्ष**

Scanned with CamScanner